# टोखा नगरपालिका


टोखा नगरपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः ०९    संख्याः १६    मितिः २०८२/०८/२४


टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सोही कार्यविधिको दफा १२ को अधिकार प्रयोग गरी टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित दफाहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग २

### टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, (पहिलो संसोधन), २०८२

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, (पहिलो संसोधन), २०८२" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२ को दफा ७ मा संसोधन:** टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ७ को उपदफा ५ मा उल्लिखित "२० प्रतिशत" भन्ने शब्दहरुको सट्टा "५० प्रतिशत" शब्दहरु राखिएका छन्।

३. **मूल कार्यविधिको दफा ९ मा संसोधन :** मूल कार्यविधिको दफा ९ को उपदफा (५) पछी देहायको उपदफा (६) थपिएको छ:-

"(६) उपदफा (५) मा जेसुकै लेखिएतापनि उपदफा (१) बमोजिमको कोष स्थापना नहुञ्जेल वा कोष स्थापना भएपनि सो कोषमा पर्याप्त रकम नभएको अवस्थामा वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित खर्च अन्य उपर्युक्त खर्च शिर्षकमा विनियोजित रकममध्येबाट गर्न सकिनेछ।"

आज्ञाले,<br>
कमल भट्टराई<br>
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति: २०८२/०८/२४